आज मिति २०७७ पौष ३ गते शुक्रबारका दिन दिउसो १.०० बजे यस लमही नगरपालिकाका नगरप्रमुख श्री कुलबहादुर के.सी.ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कुल बहादुर के.सी. | नगर प्रमुख | |
| २ | श्री देवका बेल्बासे | नगर उपप्रमुख | |
| ३ | श्री तुमराज पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बाबुराम चौधरी | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुवाश न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री बिस बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री गणेशमान चौधरी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री मेघनारायण चौधरी | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राधा देवी के.सी. | नगर कार्यपालिका सदस्य | |
| १३ | श्री नारायणी खड्का | नगर कार्यपालिका सदस्य | नारायणी खड्का |
| १४ | श्री अनिता चौधरी | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती विश्वकर्मा | नगर कार्यपालिका सदस्य | पार्वती |
| १६ | श्री सुनिता कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बम बहादुर विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री ठगे नेपाली | नगर कार्यपालिका सदस्य | ठगे नेपाली |
| १९ | श्री रमेश कुमाल | नगर कार्यपालिका सदस्य | |
| २० | श्री नोखिराम ओली | सचिव | |

कुल बहादुर के.सी.
नगर प्रमुख

## मिति २०७७।०९।०३ गते बसेको नगर कार्यपालिका बैठकको निर्णयहरु :

**निर्णय नं. १ :** विपक्षी लमही नगर कार्यपालिकाको कार्यालय, लमही, दाङ समेत भएको निषेधाज्ञा मुद्दामा (मुद्दा नं. 76-WO-0021) सम्मानित श्री उच्च अदालत तुल्सीपुर, दाङबाट जारी भएको १५ दिने म्याद २०७७।०९।२९ गते तामेल भई पाएकोले लमही नगर कार्यपालिकाको कार्यालय र लमही नगरपालिकाका मेयर कुल बहादुर के.सी. समेतको तर्फबाट सम्मानित श्री उच्च अदालत तुल्सीपुर, दाङमा उपस्थित भई लिखित जवाफ प्रस्तुत गर्न, तारेखमा अदालतमा उपस्थित हुन, कानुन व्यवसायी नियुक्त गर्न र मुद्दा पुर्पक्ष समेतको लागि यस लमही नगरपालिकाका कार्यालयमा सहायक स्तर चौथों तहमा कार्यरत सह लेखापाल श्री हरिराम रावतलाई प्रतिनिधि नियुक्त गरी पठाउने ।

**निर्णय नं. २ :** मिति २०७७।०८।२८ मा भूमि सम्बन्धी समस्या समाधान आयोग र लमही नगरपालिका बिच भएको सम्झौता (समझदारी पत्र) अनुमोदन गर्ने ।

**निर्णय नं. ३ :** भुमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ (१) मा भुमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न व्यवस्था भएको देहाय बमोजिमको भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति र ३ (२) मा व्यवस्था भए अनुसार देहाय बमोजिमको वडास्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन गर्ने ।

**भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति**

क) स्थानीय तहको प्रमुख (नगर प्रमुख) -संयोजक

ख) स्थानीय तहको उपप्रमुख -उपसंयोजक

ग) लमही नगरपालिकामा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रमुख वा निजले तोकेको प्रतिनिधि -सदस्य

घ) कार्यपालिकाका सदस्य मध्येबाट एक दलित महिला सहित दुई जना महिला -सदस्य

ङ)संयोजकले मनोनयन गरेका भूमि, आवास लगायतका क्षेत्रमा काम गरिरहेका संघ संस्था, संगठन वा नागरिक समाजका प्रतिनिधि (कम्तिमा १ महिला सहित २ जना) -सदस्य

च) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

माथि उल्लेखित बुदाँ (घ) मा कार्यपालिकाका सदस्य मध्येवाट श्री पार्वती विश्वकर्मा र श्री अनिता चौधरीलाई सो समितिमा सदस्यको रुपमा चयन गर्ने ।

प्रमुख प्रशासकीय

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङ लुम्बिनी प्रदेश, नेपाल

कुल बहादुर के.सी. नगर प्रमुख

Scanned with CamScanner

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

**ख) वडास्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति (सबै वडामा)**

क) वडा अध्यक्ष -अध्यक्ष

ख) वडा सदस्यहरु -सदस्य

ग) सम्बन्धित वडा अध्यक्षको सिफारिसमा स्थानीय तहका प्रमुखले मनोनयन गरेका भूमि, आवास लगायतका क्षेत्रमा काम गरिरहेका संघ संस्था, वा नागरिक समाजका कम्तिमा एक महिला सहित दुई जना प्रतिनिधि -सदस्य

घ) वडा सचिव -सदस्य सचिव

**निर्णय नं. ४ :** यस लमही नगरपालिकाको भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको विवरण र तथ्यांक इकाईको आवश्यक पर्ने देहायका जनशक्ति प्रतिस्पर्धाबाट सेवा करारमा लिने र छनौट भएका जनशक्तिलाई प्रमुख प्रशासकीय अधिकृतले सेवा करार गरी काममा लगाउने । साथै भूमिहीन र अव्यवस्थित बसोबासीको लगत संकलन इकाईकालागि आवश्यक पर्ने जनशक्तिको तलवभत्ता तथा अन्य सुविधा र इकाईको भौतिक तथा प्रशासनिक व्यवस्थापनकोलागि आवश्यक पर्ने बजेट देहाय अनुसार हुने गरि व्यवस्था मिलाउने ।

क) सेवा करारमा लिने पद तथा संख्या

| क्र.सं. | पद/ तह | संख्या | मासिक तलव (अनुमानित) |
|---|---|---|---|
| १. | संयोजक/छैठौं | १ | ३५,५००।- |
| २. | सर्वेक्षक/पाँचौं | १ | २८,२००।- |
| ३. | अमिन/चौथों | ३ | २६,६००।- |
| ४. | तथ्यांक संकलक/चौथों | १८ | २६,६००।- वा लगतको आधारमा |
| ५. | लगत प्रविष्टीकर्ता/चौथों | ३ | २६,६००।- वा लगतको आधारमा |
| ६. | सामाजिक परिचालक/चौथों | ३ | २६,६००।- |
| ७. | फिल्ड सहायक | ३ | १९,४००।- |

ख) आवश्यक बजेटको व्यवस्था तालिका :

| क्र. सं. | विवरण | जम्मा रकम (रु.) | खर्च व्यहोर्ने शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | जनशक्तिको तलवभत्ता तथा अन्य सुविधा | ३५ लाख | चालु आ.व.को विविध कार्यक्रम खर्च शिर्षकबाट | |
| २. | प्रशासनीक तथा भौतिक व्यवस्थापनको लागि<br>क) प्रशासनिक तथा अन्य विविध खर्च : ८ लाख ८० हजार<br>ख) कार्यालय भवन भाडा : रु १ लाख २० हजार<br>ग) फर्निचर : रु. ४ लाख<br>घ) स्टेशनरी : रु. ३ लाख<br>ङ) कम्प्युटर प्रिन्टर उपकरण आदी खरिदः ३ लाख | २० लाख | चालु आ.व.को विविध कार्यक्रम खर्च शिर्षकबाट | |

Scanned with CamScanner

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ५ :** आ.व. २०७७।७८ मा सडक बोर्ड नेपालको स्थानीय सडक मर्मत संभार कार्यक्रम अन्तर्गत सडक बोर्ड नेपालको ७० प्रतिशत र यस लमही नगरपालिकाको ३० प्रतिशत लागत साझेदारीमा सञ्चालन हुने आयोजनाको लागि लमही नगरपालिका वडा नं. ३ स्थित बनागाँउ देखि राप्ती पुलसम्मको सडक योजना छनौट गर्ने र सो योजनाको लागि आवश्यक पर्ने रकम सडक बोर्ड नेपालको तर्फवाट ७० प्रतिशतले हुन आउने ५० लाख रकममा स्थानिय तहका तर्फबाट व्यहोर्नु पर्ने ३० प्रतिशत रकम रु. २१,४२,८५७।१०(एक्काइस लाख बयालिस हजार आठसय सन्तावन्न रुपैया १० पैसा मात्र) चालु आ.व.२०७७।०७८ को स्वीकृत बजेटको समपुरक कोष शिर्षकबाट व्यवस्था गर्ने ।

**निर्णय नं. ६ :** लमही नगरपालिकाको वडा नं. ५ मा घर भाडामा लिई नगर स्वास्थ्य केन्द्र आधारभूत नगर स्वास्थ्य केन्द्र स्थापना तथा सञ्चालन गर्ने । लमही नगरपालिका वडा नं. ३ मा आधारभूत नगर स्वास्थ्य केन्द्र स्थापना गर्ने पूर्व निर्णय अनुसार घर भाडामा लिई नगर स्वास्थ्य केन्द्र सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाउने । साथै लमही नगरपालिकाको वडा नं. ५ मा स्थापना हुने नगर स्वास्थ्य केन्द्र तथा अन्य नगर स्वास्थ्य केन्द्रलाई आवश्यक भएका अ.हे.व.-२ (दुई), अ.न.मी.-२ (दुई) र कार्यालय सहयोगी.-२ (दुई) जना जनशक्ति सेवा करारमा लिने । लमही अस्पतालमा हे.अ.सहायक चौथों सरहको जम्मा ४ जनाको दरवन्दी रहेकोमा हाल २ जना स्थायी रुपमा पूर्ति भएको र बाँकी रहेको २ रिक्त पदमा स्थायी पदपूर्ति भइआएमा स्वतः नरहने गरी सेवा करारमा लिने ।

**निर्णय नं. ७ :** गत आ.व. २०७६।०७७ मा लमही नगरपालिका वडा नं. ७ को बनगईमा बनगई टोल विकास संस्थासंग डिपवोरिङ निर्माण सम्बन्धि योजना सम्झौता भई कार्यसम्पन्न भएको तर सो आ.व.मा भुक्तानी खर्च लेख्न छुट भई रकम भुक्तानी नभएको र चालु आ.व. २०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रममा वडा नं. ७ को बनगैमा डिपवोरिङ क्रमागत शिर्षकमा रकम समेत विनियोजन भएको हुँदा सो योजनाको जम्मा बाँकी रु. १८,४७,२४६.७१।- बनगई टोल विकास संस्थालाई भुक्तानी दिने ।

Scanned with CamScanner

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ८ : मिति २०७६ वैशाख १५ देखि सामुदायिक वन उपभोक्ता संस्थाको भवनमा लमही नगरपालिका वडा नं. ७ को नगर स्वास्थ्य केन्द्र संचालनमा रहेको तर हालसम्म घरभाडा वापतको रकम नबुझाएकोले सो सामुदायिक वन उपभोक्ता संस्थालाई घरभाडा सम्झौता अनुसारको रकम भुक्तानी दिने ।

निर्णय नं. ९ : गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालनको लागि आ.व. २०७७।०७८को बजेट तथा कार्यक्रम स्वीकृत गर्ने । साथै चालु आ.व. २०७७।०७८ मा सो कार्यक्रम संचालनको लागि देहायका वडाहरु छनौट गर्ने ।

**क) नयाँ लघु उद्यमी सिर्जना गर्ने तर्फ :**

**लमही नगरपालिका वडा नं. ३, वडा नं. ४, वडा नं. ६ र वडा नं. ८**

**ख) उद्यमीको स्तरोन्नति तर्फ :**

**लमही नगरपालिका वडा नं. १, वडा नं. २, वडा नं. ५, वडा नं. ७ र वडा नं. ९**

निर्णय नं. १० : चालु आ.व. २०७७।७८ को स्वीकृत बजेट अनुसार जनस्वास्थ्य शाखाबाट सञ्चालन हुने कार्यक्रमहरुको लागि सो शाखाबाट पेस भए अनुसार देहाएको खरिद कार्यलाई स्वीकृत गर्ने ।

| क.स. | बजेट शिर्षक | जम्मा बजेट | विभाजन | कैफियत |
|---|---|---|---|---|
| १. | जेष्ठ नागरिक र ५ बर्षमुनिका वालवालिकालाई नि:शुल्क औषधि खरिद (ब.उ. शि.२७२१३) | रु. २५ लाख | क) औषधि खरिदको लागि रु.२० लाख मात्र ।<br>ख)X-ray तथा प्रयोगशाला सेवा शुल्क (शोध भर्ना)को लागि रु ५ लाख मात्र | |
| २. | रिएजेन्ट र किट्स खरिद: प्रयोगशाला सामग्री ( ब.उ.शि.२७२१३) | रु. २० लाख | रु. २० लाख मात्र । | |
| ३. | सर्जिकल तथा एक्सरे सामग्री खरिद) | रु. ६ लाख | रु.६ लाख मात्र । | |

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही दाङ लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

Scanned with CamScanner

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ११** : स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम अन्तगर्त छनौट गरिएका उचानिम्बु धारापानी मन्दिर जाने बाटो निर्माण बाहेकका अन्य सवै योजना उपभोक्ता समितिमार्फत सञ्चालन गर्ने व्यवस्था मिलाउने । सोहि कार्यक्रमको लमही नगरपालिका वडा नं. ८ को उच्चा निम्बु धारापानी मन्दिर जाने बाटोको नयाँ ट्र्याक खोल्ने योजनाको लागि विनियोजित बजेट रु. ५० लाख वाट वातवरणीय अध्ययन गरी ठेक्का वन्दोवस्त मार्फत योजना सञ्चालन गर्ने ।

**निर्णय नं. १२** : रेडक्रस सोसाइटीको लमहीमा निर्माण हुने ब्लड बैंक भवनको विनियोजित बजेट रु.४० लाख बाट ३ प्रतिशत कन्टिन्जेन्सी रकम DPR तयार गर्नको लागि उपलब्ध गराउने ।

**निर्णय नं. १३** : लमही नगरपालिका वडा नं. १ वसन्तपुरमा विद्युतीकरणको लाईन सुधारकालागि नेपाल विद्युत प्राधिकरण लमही शाखाृवाट प्राप्त स्वीकृत HT/LT Line Installation works कार्यको लागि लागत इस्टिमेट रकम १ लाख २५ हजार ८ सय १६ रुपैयाँ मात्र  चालु आ.व.को स्वीकृत बजेटको समपुरक कोषवाट भुक्तानी दिने ।

**निर्णय नं. १४** : लमही नगरपालिका वडा नं. ९ मा स्व.खुम बहादुर खड्काको पुर्णकदको सालिक निर्माण योजनाको लागि लमही नगरपालिकाको पूर्वाधार विकास समितिवाट पेस भएको १ थान स्व.खुम बहादुर खड्काको पुर्णकद सालिकको दररेट देहाय बमोजिम प्राप्त भएकाले न्यूनतम दररेटलाई नगर दररेट स्वीकृत गर्ने ।

| सि.नं. | फर्मको नाम | कवोल अंक | न्यूनतम कवोल अंक |
|---|---|---|---|
| १ | सिवली हाण्डिक्राफ्ट, सातदोवाटो, ललितपुर | ८,५०,०००।- | ८,१५,०००।- (स्वीकृत नगर दररेट) |
| २ | सिंह हाण्डिक्राफ्ट, ललितपुर | ९,००,०००।- | |
| ३ | ओम हाण्डिक्राफ्ट, ललितपुर | ८,१५,०००।- | |

मुख्य प्रशासकीय अधिकृत

निर्णय नं. १५ : आ.व.२०७८/७९ का लागि संघीय सरकारबाट प्राप्त हुने समपुरक तथा विशेष अनुदान सम्बन्धि आयोजना देहाय बमोजिम प्राथमिकताक्रम राखि छनौट गर्ने ।

क) समपुरक आयोजना अन्तर्गतका प्रस्तावित आयोजनाहरु :

प्राथमिकता नं. १ : लमही न.पा. वडा नं. ४ को अर्नवादेखि चैलाही गाँउ जोड्ने बगाई सोतामा पक्कि पुल (chailahi Gaun ma pul )

प्राथमिकता नं. २ : लमही न.पा. वडा नं. ५को गोदाम घरदेखि लंगडी जोड्ने सडक कालोपत्रे

प्राथमिकता नं. ३ : लमही न.पा. वडा नं.९ को कार्यालय भवन निर्माण

प्राथमिकता नं. ४ : लमही न.पा. वडा नं.६ को कार्यालय भवन निर्माण

प्राथमिकता नं. ५ : लमही न.पा. वडा नं ३ को प्रेम ताल र जखेरा ताल जोड्ने बाटोको मुसनी खोलामा पुल

ख) विशेष अनुदान अन्तर्गतका प्रस्तावित आयोजनाहरु :

प्राथमिकता नं. १ : लमही न.पा. वडा नं. ५ मा तरकारी हाटवजार

प्राथमिकता नं. २ : लमही न.पा. वडा नं.२ को रनियापुर राजपुर जोड्ने पक्की पुल

प्राथमिकता नं. ३ : लमही न.पा. वडा नं.७ को नगर स्वास्थ्य केन्द्र भवन निर्माण

प्राथमिकता नं. ४ : लमही न.पा. वडा नं. ३ को जखेरा ताल पुग्ने सडकखण्डको बाँकि रहेको खण्ड कालोपत्रे

प्राथमिकता नं. ५ : लमही न.पा. वडा नं. ७ को शरदको घरदेखि फचकपुर जोड्ने सडक

कुल बहादुर खत्री क्षेत्री
नगर प्रमुख

Scanned with CamScanner

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १६ : लमही नगरपालिका वडा नं. ५ बगैचा स्थित निर्माण भएको शौचालयलाई सञ्चालनको लागि आवश्यक पर्ने धारापानी तथा ट्यांकीको व्यवस्था मिलाउने ।

कुल बहादुर खत्री क्षेत्री
नगर प्रमुख

Scanned with CamScanner